प.लि.नं. १२७४-६७६८

नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड

# CDS and Clearing Limited

पत्र संख्या : २०७१/७२-१०

चलानी नं. : १

CDS
and
Clearing Ltd.

## प्रेस विज्ञप्ति

धितोपत्रको केन्द्रीय निक्षेप सेवा तथा विद्युतीय माध्यमबाट राफसाफ तथा फछ्र्यौट सेवा प्रदान गर्ने उद्देश्यका साथ नेपाल स्टक एक्सचेन्ज लि. को पूर्ण स्वामित्वमा मिति २०६७ पौष ७ गते स्थापित यस सिडिएस एण्ड क्लियरिङ्ग लि. ले मिति २०६९ श्रावण १ गते देखि धितोपत्रको केन्द्रीय निक्षेप सेवा सुरुवात गरी मिति २०७१ वैशाख २ गतेका दिन नेपालमा पहिलो पटक अभौतिक धितोपत्रको कारोबारको सुरुवात गरेको थियो ।

आज मिति २०७१ श्रावण १ गते यस सिडिएस एण्ड क्लियरिङ्ग लि. ले धितोपत्रको केन्द्रीय निक्षेप सेवा सुरुवात गरेको दोस्रो वर्ष पुरा गरी तेस्रो वर्षमा प्रवेश गरेको छ ।

आजको यस अवसरमा धितोपत्र अभौतिकीकरण गर्न आवेदन दिएको हिमालय बैंक लिमिटेडसँग चुक्ता मुल्य रु.१००।- को दरले ४३,४७,००० कित्ता साधारण शेयर र २,४६,३३,००० कित्ता संस्थापक शेयर धितोपत्र अभौतिकीकरण गर्ने सम्झौता गरी उक्त बैंकलाई अन्तर्राष्ट्रिय स्तरको परिचय अंक ISIN (International Securities Identification Number) साधारण शेयरका लागि **NPE019A00007** र संस्थापक शेयरका लागि **NPE019A00015** प्रदान गरियो । हिमालयन बैंक लिमिटेड सहित हालसम्म धितोपत्र अभौतिकीकरण गर्ने कम्पनीको संख्या १७ (सत्र) पुगेको छ ।

सम्झौतामा यस लि. का तर्फबाट प्रमुख कार्यकारी अधिकृत सुबोध शर्मा सिग्देल र धितोपत्र अभौतिकीकरण गर्ने हिमालयन बैंक लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत अशोक शम्सेर राणाले हस्ताक्षर गर्नु भयो ।

**कम्पनीको केन्द्रीय निक्षेप प्रणाली अन्तर्गत भएका हाल सम्मका प्रगति विवरणहरु :**

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|
| १. | धितोपत्र अभौतिकीकरण भएका कम्पनीहरु | १७ |
| २. | निक्षेप सदस्यता प्रदान गरिएका कम्पनीहरु | १० |
| ३. | हितग्राहीहरुद्धारा खोलिएका विद्युतीय खाता (डिम्याट् एकाउन्ट) | ६२४ |
| ४. | हितग्राहीद्धारा अभौतिकीकरण गरिएका सेयरहरु | १,७९,८१५ |
| ५. | धितोपत्र अभौतिकीकरण गर्ने प्रक्रियामा रहेका कम्पनीहरु | १६ |
| ६. | निक्षेप सदस्यता लिने प्रक्रियामा रहेका कम्पनीहरु | २ |
| ७. | राफसाफ सदस्यता लिएका कम्पनीहरु | ५० |

आजको यस शुभ अवसरमा यस लि. लाई हाल सम्म सहयोग गर्नु हुने सम्पूर्ण सरोकारवाला निकाय, व्यक्ति तथा संघ संस्थाहरु प्रति आभार प्रकट गर्दै भविष्यमा पनि सहयोगको अपेक्षा राख्दै धितोपत्र केन्द्रीय

प.लि.नं. १२७४-६७६८

नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त
# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
# CDS and Clearing Limited

पत्र संख्या : २०७१/७२-१०
चलानी नं. : १

CDS and Clearing Ltd.

निक्षेप प्रणालीमा आवद्ध हुनका लागि नेपाल धितोपत्र बोर्डमा दर्ता भई नेपाल स्टक एक्सचेन्ज लि. मा सूचीकृत सम्पूर्ण संगठित संस्थाहरुलाई यस लि. मा आफ्ना धितोपत्रहरु दर्ता गराई आफ्ना लगानीकर्ताहरुलाई केन्द्रीय निक्षेप सेवा पहुँचमा ल्याउन तथा लगानीकर्ताहरुलाई आफ्ना धितोपत्रहरु अभौतिकीकरण गराई सहज, सुरक्षित र भरपर्दो सेवा प्राप्त गर्न हुन आव्हान गर्दछौं ।

मिति : २०७१/०४/०१

तेस्रो तल्ला, शिखर बिज सेन्टर, थापाथली, काठमाडौं, नेपाल ।
Third Floor, Shikhar Biz Centre, Thapathali, Kathmandu, Nepal.
Tel.: 977-1-4101593, Fax: 977-1-4101597
Website: www.cdscnp.com